महिलाहरुको सचेतना अभिबृद्धि र आत्मनिर्भर वनाउन सिलाई कटाई तालिम, महिला सामुदायिक भवन निर्माण, महिलाहरुको आङ खस्ने रोग न्युनिकरणका लागि स्वास्थ्य शिविर संचालन, बाखापालन तालिम, महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन कार्यक्रम, बुटिक तालिम,मखमलको जुत्ता चप्पल वनाउने तालिम संचालन गरिएको छ ।

बालवालिका :

बालबालिकाहरुमा अध्ययनलाई प्रोत्साहन गर्न जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्ती वितरण,पोसाक र शैक्षिक सामाग्री वितरण, खेलकुद कार्यक्रम संचालन, बाल श्रम तथा वाल विवाह विरुद्ध जनचेतना कार्यक्रम, छोरी पढाऔं, छोरी बचाऔं सम्वन्धि कार्यक्रम अन्तर्गत गाउँपालिका क्षेत्र भित्रका कक्षा ९ र १० मा छात्रा तर्फ उत्कृष्ठ अंक प्राप्त गर्ने ३२ जना छात्राहरुलाइ साइकल वितरण गरिएको छ ।

पिछडा वर्ग :

चालु आ.व.मा पिछडा वर्गलाई स्वरोजगार वनाउन कम्प्युटर तालिम, लोक सेवा तयारी कक्षा संचालन, मोवाइल मर्मत तालिम, नेतृत्व विकास तालिम, इलेक्ट्रीसियन तालिम संचालन गरिएको छ ।

दलित :

दलित लक्षित कार्यक्रम तर्फ क्षमता विकास कार्यक्रम, जनचेतनामुलक कार्यक्रम,साहायता सामाग्री वितरण, उन्नत जातको पशुपालन तालिम संचालन गरिएको छ ।

त्यसै गरि जेष्ठ नागरिकहरुलाई सम्मान तथा सहायता सामाग्रीहरु वितरण, अपांगता भएका नागरिकहरुलाइ सहायता सामाग्री वितरण तथा गाउँपालिकाबाट अपांग परिचयपत्र वितरण कार्य प्रारम्भ गरिएको छ ।

संस्थागत व्यवस्था तथा सुशासन :

गाउँपालिकाको कार्यप्रणालीलाई व्यवस्थित बनाउन र सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउन उपभोक्ता समिति गठन,परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७५, घ बर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्वन्धि कार्यविधि,२०७५ स्विकृत गरि कार्यान्वयनमा ल्याइएको छ ।

कम्प्युटर प्रणालीको प्रयोग गरि राजस्व संकलन कार्यलाई सरल, सहज र विश्वसनिय बनाउन आवश्यक व्यवस्था मिलाईएको छ । मिति २०७५ श्रावण १ गते वाट एकिकृत सम्पत्ति कर कार्यान्वयनमा ल्याइएको छ भने सामाजिक सुरक्षा भत्ता रकम बैंक खाता मार्फत वितरण गर्ने व्यवस्था मिलाइएको छ । गाउँ कार्यपालिकाको कार्यालयमा सि.सि.क्यामरा जडान गरिएको छ ।

गाउँ कार्यपलिकाको खर्च लेखालाई नेपाल सरकारबाट तयार गरिएको सुत्र प्रणालीमा आवद्ध गरि आर्थिक कारोवारलाई विश्वसनिय र भरपर्दो वनाईएको छ । गाउँ कार्यपालिकाको कार्यालयवाट प्रवाह हुने सेवालाई कम्प्युटराइज्ड गर्दै लगिएको छ र गाउँपालिकाको नाममा वेभ साइट संचालन गरिएको छ ।

गाउँ कार्यपालिकाको कार्यालयमा डिजिटल डिसप्ले वोर्ड, हरिनगरा मा.वि. र बालकृष्ण मा.वि र प्राथमिक स्वास्थ्य केन्द्रमा इलोक्ट्रोनिक हाजिर जडान गरिएको छ ।

अध्यक्षज्यू

अव म आगामी आ.व. २०७६/७७ को बार्षिक गाउँ विकास योजनाका केही पक्षहरु यस सम्मानित सभामा राख्न चाहन्छु ।

आ.व. २०७६/७७ मा पुर्वाधार विकास तर्फ लगानीको ठुलो अंश गाउँपालिका स्तरिय गौरवका बहुवर्षिय आयोजनाहरुको कार्यान्वयनका लागि विनियोजन गएिको छ । निर्माणाधिन अवस्थामा रहेका वहु बर्षिय आयोजनाहरुका लागि आ.व. २०७६/७७ मा रु. १६ करोड ३४ लाख ६३ हजार विनियोजन गरिएको छ । त्यसै गरि बोलपत्र आव्हान भई सम्झौता सम्पन्न भईसकेका २, ४, ६ र ७ वडा कार्यालय भवन निर्माण कार्य आ.व. २०७६/०७७ मा सम्पन्न गर्ने गरि बजेटको व्यवस्था गरिएको छ । त्यसै गरि वोलपत्र आव्हान भई सम्झौताको चरणमा रहेको वडा नं. २ मा स्वास्थ्य चौकी भवन निर्माण आ.व. २०७६/७७ मै सम्पन्न गर्न आवश्यक बजेट व्यवस्था गरिएको छ ।

सामाजिक विकास तर्फ शिक्षा क्षेत्रमा विद्यालय शिक्षामा कम्प्युटर शिक्षालाइ प्रोत्साहन गर्न हेल्मेट शिक्षक व्यवस्थापन गर्न बजेटको व्यवस्था गरिएको छ । बाल विकास केन्द्रमा कार्यरत स.का. हरुलाइ पोसाकको व्यवस्था, विद्यालय कर्मचारीहरुलाई चालु आ.व.मा उपलब्ध गराइएको पोसाक खर्चको निरन्तरता, शिक्षकहरुका लागि मागमा आधारित विषयगत तालिम र शैक्षिक भ्रमणका लागि वजेटको व्यवस्था गरिएको छ । गाउँपालिका क्षेत्र भित्रका सवै सामुदायिक विद्यालयहरुमा अंग्रेजी बोल्ने र पढने ( Talking teacher ) मेसिन व्यवस्थापन गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ । त्यसै गरि प्राथमिक स्वास्थ्य केन्द्रमा रहेको बर्थिङ सेन्टरमा रात्रिकालिन सेवा प्रवाह गर्ने कर्मचारीहरुका लागि प्रोत्साहन खर्चको व्यवस्था मिलाइएको छ ।

लैगीक समानता तथा सामाजिक समावेशिकरण तर्फ लक्षित समुदाय तर्फ महिला हरुका लागि लामो अवधिको बुटिक, व्युटिढपार्लर, सिलाइकटाई, व्यासिक कम्प्युटर कोर्ष का लागि आवश्यक वजेट विनियोजन गरिएको छ । एक दलित परिवार एक स्वास्थ्य विमा कार्यकम अन्तर्गत दलित समुदाय भित्र सवै भन्दा पछाडी परेको सवै मुसहर समुदायलाई स्वास्थ्य सेवाको सुनिश्चितताका लागि गाउँपालिकाको तर्फबाट सवै मुसहर घरपरिवारको स्वास्थ्य विमा गर्न बजेटको व्यवस्था गरिएको छ । मधेसी मुस्लिम पिछडा बर्गका बेरोजगार युवाहरुलाई १ महिने हलुका सवारी साधन संचालन तालिमको व्यवस्थाका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

आर्थिक विकास तर्फ कृषि योग्य जमिनमा सिचाइ सुविधा विस्तार गर्न अध्यक्ष कृषि सिचाइ कार्यक्रम संचालनका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ । गाउँपालिका क्षेत्र भित्र कृषि प्राविधिक जनशक्ती उत्पादन गर्न सवै वडाका ३ जनाका दरले २१ जना युवाहरुलाई ६५ दिन कृषि तालिमको व्यवस्थाका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ । त्यसै गरि सवै वडाका ३ जनाका दरले २१ जना युवाहरुलाई पशु स्वास्थ्य सम्वन्धि ६५ दिने तालिम संचालनका लागि बजेटको व्यवस्था गरिएको छ

सम्मानीत अध्यक्षज्यू

